नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८०/०८१
चलानी नं. :- ४५४

मिति २०८०।१२।२७

विषयः सेल्फ अप्राइजल फाराम भर्ने सम्बन्धमा ।

श्री सबै विश्वविद्यालय, प्रतिष्ठानहरु।

प्रस्तुत विषयमा आगामी शैक्षिक सत्र २०८१/०८२ मा DM/MCh तहका कार्यक्रम संचालन गर्न पूर्वाधार पूरा भएका र उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरु, प्रतिष्ठानहरुले DM/MCh तहको सेल्फ अप्राइजल (Self-Appraisal) अनलाइन (Online) फाराम मिति २०८०।१२।२७ गतेदेखि मिति २०८१।०१।०७ गतेसम्म देहाय बमोजिम भर्नुहुन निर्देशानुसार अनुरोध छ ।

(रुद्रप्रसाद रेग्मी)
उपसचिव

देहाय

१. आयोगको वेभसाइट www.mec.gov.np मा रहेको **विधुतीय सेवा** मेनुभित्र **Self -Appraisal** लिकं रहेको छ ।सोही लिकंमा क्लीक गरी आफ्नो संस्थाको पुरानै User ID र Password प्रयोग गरी Log In गर्ने । तत्पश्चात् तहाँ माग भए बमोजिम आफ्नो संस्थाको यथार्थ विवरण भर्नुहुन। सो क्रममा गत वर्ष भरेको विवरणलाई समेत अद्यावधिक गर्नुहुन ।

२.Self-Appraisal फारम पेश गर्ने क्रममा शिक्षण संस्था अनुगमन शुल्क (वार्षिक) वापत रु २,००,०००।- (दुईलाख) समेत हिमालयन बैकमा रहेको आयोगको खाता नं ०४३०८९३१६७००१७ मा जम्मा गरी सो को सक्कल भौचर अपलोड गर्नुपर्ने छ ।

३.निजी स्तरका शिक्षण संस्थाले Resident डाक्टरहरुलाई तोकिए अनुसारको निर्वाह भत्ता (नेपाल सरकारको नवौं तहको स्वास्थ्यकर्मीको तलब स्केल बराबरमा कमी नहुने गरी) सुनिश्चितता गरेर मात्र सिट मागदावी गर्नुहुन।